# स्थानीय राजपत्र

पुतलीबजार नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ८ , संख्या २, पारित मिति : २०८१/०२/१३  प्रकाशित मिति : २०८१/०२/१५**

## भाग ३

### "उच्च प्रविधियुक्त नर्सरी (Hi-tech Nursery) स्थापना र संचालन मापदण्ड ,२०८१"

**प्रस्तावना:**

उच्च प्रविधियुक्त कृषि नर्सरी स्थापनाबाट बहुउपयोगी कृषिजन्य (सुन्तलाजात फलफुल )बिरुवाहरुको उत्पादन गरी कृषिजन्य जग्गाको क्षेत्र विस्तार उत्पादन तथा उत्पादकत्व वृद्धि गरी जनताको जिविकोपार्जनमा टेवा पुर्याउन तथा उच्च प्रविधियुक्त नर्सरी स्थापना र यसको प्रभावकारी संचालन गर्ने कार्यक्रम कार्यान्वयन गर्ने उद्देश्यले पुतलीबजार नगरपालिकाले यो मापदण्ड तयार गरेको छ।

**परिच्छेद -१**

**प्रारम्भिक**

१. **सक्षिप्त नाम र प्रारम्भ:** (१) यस मापदण्ड को नाम (Hi-tech Nursery) स्थापना र संचालन मापदण्ड,२०८१ रहेको छ।

(२) यो मापदण्ड स्वीकृत भए पस्चात तुरुन्त लागु हुनेछ।

**२.परिभाषा:-**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) "नगरपालिका" भन्नाले पुतलीबजार नगरपालिका सम्झनु पर्नेछ।
ख) "कृषक" भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई जनाउँदछ।
ग) "वडा" भन्नाले पुतलीबजार नगरपालिकाको वडा सम्झनु पर्छ।
घ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।
ङ) "स्थानीय तह" भन्नाले पुतलीबजार नगरपालिका सम्झनु पर्छ।
च) "समुह विधान" भन्नाले फर्म / उद्‌मी / सहकारी समुहको उद्देश्य प्राप्तिका लागि क्रियाकलाप सञ्चालन गर्न बनाईएको नीति नियम तथा कानुनको दस्तावेज जसले समूह र सदस्यहरुलाई उद्देश्य प्राप्तिमा सहज गराउने दस्तावेजलाई जनाउँदछ।
छ) "कार्य समिति" भन्नाले मापदण्ड अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरूलाई जनाउने छ।
ज) " साधारण सभा" भन्नाले यस मापदण्ड बमोजिम गठित सभालाई जनाउने छ।
झ) "कृषिजन्य बाली/फलफुल " भन्नाले बाली, वागवानी, आदि कृषिका सबै उप-क्षेत्रसँग सम्बधित उत्पादन व्यवसायहरू समेत जनाउँदछन्।
ञ) "लेखा" भन्नाले प्रचलित ऐन, नियम, कानुन, नीति, कार्यक्रम तथा निर्णय, आदेश तथा मापदण्ड समेतलाई आधार मानी कारोबारको यथार्थ विवरण देखिने गरी राखिने वा खाता भन्ने बुझिन्छ। लेखापारीक्षण ऐन, २०४८ अनुसार लेखा भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानुन बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजत समेतलाई जनाउँदछ।

**३. प्रस्तावक** :-भन्नाले व्यवसायिक रुपमा कृषिजन्य (सुन्तलाजात फलफुल) बालीको नर्सरी व्यवसाय संचालन गर्नका लागि छनौट भएका नर्सरी व्यवसाय संचालन गरिरहेका वा गर्न चाहेका व्यवसायी (सहकारी,उद्यमी सस्था तथा समुह) सम्झनुपर्छ |

**४. उच्च प्रविधियुक्त नर्सरी :-** भन्नाले स्वचालित तथा वातावरण अनुकुलित व्यवस्थापनको अतिरिक्त पराबैजनी किरण अवरोधक पोलिथिन (Ultra Violate Stabilized Polyethylene Film),तापमान नियन्त्रण जाली (Ultra Violate Stabilized Thermal Net)सगै एग्रिनेट र इन्सेक्ट नेट (Green Agro Net and Insect Net) को आवरण भएको Galvanized Iron र Aluminum Locking Profile बाट निर्मित सुक्ष्म सिचाई प्रणाली बाट पोषक तत्व व्यवस्थापन (Fertigation) आदि सहितको कृषिजन्य (सुन्तला ) बालीको गुणस्तरीय बेर्ना उत्पादन गर्ने नर्सरीलाई सम्झनु पर्दछ |

**५ .प्रस्ताव :-** भन्नाले उच्च प्रविधियुक्त नर्सरी निर्माणका लागि सहयोग रकम पाउन प्रस्तावकले पेश गरेको विवरण सम्झनु पर्दछ |

**६.व्यवसायी :-**भन्नाले प्रचलित कानुन वमोजिम आधिकारिक निकायमा दर्ता भएका नर्सरी व्यवसाय संचालन गरिरहेका वा गर्ने उद्यमी संस्था ,सहकारी र समुह समेतलाई बुझ्नुपर्छ |

**७.कार्यालय :-** भन्नाले  पुतलीबजार नगरपालिकालाई सम्झनुपर्छ |

**परिच्छेद -२**

## कार्यक्रम  संचालन प्रक्रिया

**८. नर्सरी स्थापना गरिने क्षेत्रको पहिचान एवं छनौटका आधारहरु :**(क) नर्सरी स्थापनाको लागि उपयुक्त स्थान छनौट गर्न स्थानीय तहका पदाधिकारीहरु ,  फर्म / सहकारी /उद्धमी / समुह तथा स्थानीय सरोकारवालाहरु संग छलफल गरी उपलब्ध हुन सक्ने निजी,सार्वजनिक ,पर्ती,सहकारी,बाँझो जग्गाको स्थलगत निरीक्षण गरी लागत तयार गरी पहुँच,भौगोलिक अवस्था ,हावापानी लगायतका प्राविधिक पक्षहरुलाई मध्यनजर राखी नर्सरीको लागि उपयुक्त स्थान छनौट गरिनेछ |

(ख)नर्सरी स्थापनको लागि एक प्राविधिक टोली गठन गरिनेछ |सो प्राविधिक टोलीमा कार्यालय प्रमुख संयोजक ,योजना प्रमुख,,सदस्य र कार्यलय प्रमुखले तोकेको एक जना विशेषज्ञ  र कृषि शाखा प्रमुख  सदस्य रहनेछन |

(ग)गत/विगत आ.व.मा संचालन भएका हाईटेक नर्सरी निरन्तरता कार्यक्रम पनि यसै मापदण्ड बमोजिम हुनेछन  |
(घ)चालु आ.व. मा कलमी बिरुवा उत्पादन तथा उत्पादित विरुवाको व्यवस्थापनको  पुर्ण विवरण नगरपालिकामा पेश गर्नु पर्नेछ  |

**९.  नर्सरीको डिजाइन ,लेआउट तथा लागत ईस्टिमेट तयार गर्नुपर्ने :**
(क)कार्यालयले नर्सरी लागि आवश्यक पर्ने डिजाइन,लेआउट तथा लागत ईस्टिमेट तयार गर्नुपर्ने |
(ख) अनुदान प्राप्त हाई-टेक नर्सरीले गर्नुपर्ने कार्यहरु (आर्थिक पक्ष)
स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको  परिधिभित्र रही देहायका कार्यका लागि कुल लागतको ५० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

१.  कार्यक्रम संचालन पश्चात हाई-टेक नर्सरी पूर्ण रुपमा संचालन हुनु पर्नेछ।

२.वार्षिक रुपमा कलमी बिरुवा उत्पादनको लागि पोली ब्याग भर्ने, कलमी गरेका बिरुवाको उचित व्यवस्थापन गर्नुपर्ने तथा उचित खाद्यतत्व व्यवस्थापन गर्नु पर्नेछ र कुल लागतको १०० प्रतिशत रकम खर्च  गर्नुपर्नेछ  ।

३.नियमित रूपमा संचालन गर्न (कर्मचारी तलव, , बिजुली, पानी, टेलिफोन, इन्टरनेट तथा अन्य भैपरी खर्च आदिमा उपभोक्ता/ समूहको जिम्मेवारी रहनेछ  ।

**१०.प्रस्ताव आव्हान:**(१) यस मापदण्ड  अनुरुप कार्यक्रम सन्चालनको लागि कार्यालयले प्रचलित नियमानुसार अनुसूची(१)बमोजिमको सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नुपर्नेछ |

(२)उपदफा (१)वमोजिम सुचना प्रकाशन भए पश्चात आवेदकले देहाय वमोजिमका कागजातहरु सलग्न गरी अनुसूची (२ ) बमोजिमको निवेदन साथ  कार्यलयको कार्यसूचि (TOR) मा उल्लेख भए अनुसारको उल्लेख भए अनुसारको प्रस्ताव सहित अनुसूची(३) बमोजिमको प्रतिवद्धता पत्र पेश गर्नुपर्नेछ |

( क )आवेदकको संक्षिप्त परिचय,
(ख ) सम्बन्धित व्यवसाय सम्बन्धि विवरण,
(ग )कुल अनुमानित कलमी बेर्ना उत्पादन तथा बजारीकरण,
(घ ) कुल रोजगारी सिर्जना,
(ङ)संचालन हुने क्रियाकलापहरू,
( च )संस्थामा उपलब्ध भौतिक पूर्वाधार तथा मेसिनरी औजारहरूको विवरण,
( छ )व्यावसायिक योजना,
(ज) प्रस्तावकको आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
(झ ) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
(ञ) करचुक्ता र नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ,
(ट ) संरचना निर्माण गरिने जमिनमा सडक,सिंचाई,बिजुली लगायतको आवश्यक पूर्वाधारको विवरण ,
(ठ ) समुह,सहकारीको हकमा समुह /सहकारीको भेलाबाट गरिएको निर्णयको प्रतिलिपी,
(च) नर्सरी स्थापना गर्न आवश्यक पर्ने जग्गाको स्वामित्व वा भोगचलन गर्न पाउने प्रमाणको प्रतिलिपि,
(छ) प्रस्ताव अनुसारको कार्य गर्न कुल लागतको कम्तिमा ५०%रकम स्वलगानी गर्ने प्रतिवद्धता |
नोट :- निरन्तरताको हकमा गत बर्ष भएका सम्पूर्ण कामको विवरण |

**११. प्रस्तावको मुल्याकंन:** प्रस्तावको मुल्यांकन प्रचलित ऐन नियमानुसार हुनेछ ,तर मुल्यांकनका गर्दा व्यवसायीवाट प्राप्त प्रस्तावहरु मध्ये कृषक  समुहवाट प्राप्त प्रस्तावलाई प्राथमिकता दिईनेछ | मुल्यांकनबाट छानिएको प्रस्तावकसंग कार्यसूचि (TOR) मा उलेख गरिएअनुसारको सम्झौता गरिनेछ |

**क) मुल्यांकन समिति गठन :-**

(१) संयोजक  – पूर्वाधार  शाखा प्रमुख
(२) सदस्य - प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तर विशेषज्ञ

(३) सदस्य-सचिव – कृषि शाखा प्रमुख

**१२. व्यवसायीले पालना गर्नुपर्ने दायित्व** (१) व्यवसायीले निर्माण हुने कामको विवरण,लागत, स्थापना ,सम्पन्न अवधि,अपेक्षित उपलब्धि सहितको होर्डिङ बोर्ड  निर्माण स्थलमा राख्नुपर्नेछ |
(२) कार्य संचालनका क्रममा कार्यालयबाट दिइएको निर्देशनको पालना गर्नुपर्नेछ |
(३) कार्यालयले खोजेका बखत व्यवसायीको निर्माण र संचालन कार्यप्रगति देखाउनु सम्बन्धित व्यवसायीको दायित्व हुनेछ |

(४) व्यवसायीले सम्झौता वमोजिमको व्यवसाय कम्तिमा ५ वर्ष संचालन गर्नुपर्नेछ |
(५)व्यवसायीले अनिवार्य रुपमा सम्बन्धित व्यवसायको बिमा गराउनु पर्नेछ |
(६ )व्यवसायीले उत्पादित बेर्ना सम्बन्धित कार्यालयको समन्वयमा तोकिएको सहुलियत दर वा निशुल्क रुपमा उपलब्ध गराउनु पर्नेछ |
(७) यस मापदण्ड बमोजिम निर्माण भएको उच्च प्रविधियुक्त नर्सरी दिगो रुपमा संचालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी सम्वन्धित व्यवसायीको हुनेछ |
(९) व्यवसायीले सम्झौता अनुसारको कार्य गर्न कुल लागतको कम्तिमा ५०% रकम स्वलगानी गर्नुपर्नेछ |

**(१३) <u>भुक्तानी प्रक्रिया</u>** (१)व्यवसायीलाई भुक्तानी गर्दा कामको आधारमा देहाय अनुसार गर्नुपर्नेछ,
(क) सम्झौता अनुसार भुक्तानी गर्ने : व्यवसायीलाई सम्झौता मा भएको व्यवस्था अनुसार भएको कार्यको भुक्तानी दिंदा लागत अनुमान बमोजिम,भुक्तानी दिनुपर्नेछ |
(ख)पेश्की दिन सकिने: सम्झौता भएपछि कार्यालयले सम्वन्धित व्यवसायीको संचालक समिति वा कार्य समिति वा व्यवस्थापन समितिको बैठकको निर्णयबाट माग भएको सदस्यको समुह जमानतमा सम्झौता रकमको बढीमा ३३ प्रतिशत रकम पेश्की स्वरूप उपलव्ध दिन सक्नेछ |
(ग) किस्ता भुक्तानी गर्न सकिने: व्यवसायीलाई बढीमा तीन किस्तामा भुक्तानी दिन सकिनेछ | दोस्रो वा तेस्रो किस्ता भुक्तानी गर्नु अगावै अघिल्लो पेश्की रकम फछर्यौट गरिसक्नुपर्नेछ | व्यवसायीलाई सम्झौता बमोजिमको कामको प्राविधिक मुल्यांकन ,जाँचपास तथा कार्य सम्पन प्रतिवेदन,कार्यक्रम स्थलको कार्य शुरु हुनुपूर्व र भुक्तानी माग गर्दाको समयको फोटो लगायत सम्झौतामा उल्लिखित अन्य आवश्यक कागजातको आधारमा किस्ताबन्दीमा भुक्तानी दिईनेछ |अन्तिम विल भुक्तानी भएपछि व्यवसायीको नाममा भएको खर्चको सामाजिक तथा सार्वजनिक लेखापरीक्षण प्रतिवेदन समेत सम्वन्धित निकायमा पेश गर्नु पर्नेछ |भुक्तानीको लागि बिलहरु पेश गर्दा नियमानुसार बुझाउनुपर्ने कर बुझाएको हुनुपर्नेछ |
(घ) बील भरपाई अनुमोदन गरी पेश गर्नुपर्ने: हरेक किस्ताको कामको तोकिएको प्राविधिकवाट प्राविधिक मुल्यांकन गराई जांचपास गराई बिल ,भरपाई र खर्च प्रमाणित गर्नुपर्नेछ साथै समुह र सहकारीको हकमा अन्य कागजात समितिको बैठकबाट अनुमोदन गराई पेश गर्नुपर्नेछ |
(ङ)बैकिङ प्रणाली मार्फत भुक्तानी गर्नुपर्ने :रकमको भुक्तानी बैकिङ प्रणाली मार्फत गर्नुपर्नेछ |
(च)सार्वजनिक सुनुवाई गर्नुपर्ने: व्यवसायीले सार्वजनिक परीक्षण गराई अन्तिम किस्ता भुक्तानी भएपछी सार्वजनिक सुनुवाई गर्नुपर्नेछ |
(२)निर्माण व्यवसायीलाई प्रयोग गर्न वा उपठेक्का दिन नहुने :व्यवसायीले सम्झौता बमोजिमको काम आफैले सम्पन्न गर्नु पर्नेछ |कुनै निर्माण व्यवसायी वा उपठेक्काबाट उक्त काम गराउन पाईने छैन |

**१४. <u>अनुगमन सम्वन्धी व्यवस्था:</u>** (१) कार्यालयले भए गरेका कामको समय समयमा अनुगमन तथा मुल्यांकन गर्नेछ | अनुगमन तथा मुल्याकनको क्रममा दिएका सुझावहरु व्यवसायीले अनिवार्यरुपमा पालना गर्नुपर्नेछ |

**१५.प्रतिवेदन:**

संचालक समितिले आफुले गरेको कामको प्रतिवेदन नगरपालिकाको कृषि विकास शाखामा पेश गर्नु पर्ने छ। प्रतिवेदनमा उल्लेख गर्नु पर्ने कार्यहरु

(क)हाई-टेक नर्सरी संचालनको विस्तृत विवरण,

(ख)कलमी बिरुवाको बिक्री  परिमाण विवरण,

(ग) संचालनका क्रममा उठेका समस्याहरु तथा समस्या समाधान गर्न भएका प्रयासहरु ,

(घ) कुल रकम खर्च गरेको भरपाई तथा विल,

(ङ) विशिष्टिकृत बजारीकरणको योजना र कार्यन्वयनका आधारहरु |

**परिच्छेद -३**

**विविध**

**१६. कारबाहीको व्यवस्था :** सम्झौता बमोजिम तोकिएको कार्य नगर्ने व्यवसायीलाई उपलब्ध गराइने रकम रोक्का गर्नुको साथै प्रचलित कानुन अनुसार कारवाही गरिनेछ |

**१७.कार्यालयको संचालन गर्न सक्ने :** यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि  कार्यालयले आफैले उच्च प्रविधियुक्त नर्सरी (Hi-tech Nursery) स्थापना र संचालन गर्न चाहेमा प्रचलित कानुन वमोजिम स्थापना  र संचालन गर्न सक्नेछन् |

**१८. मापदण्डमा  द्विविधा आएमा :** यस मापदण्ड  कार्यान्वयनमा द्विविधा आएमा सो को स्पष्ट गर्ने अधिकार कार्यालयमा निहित रहनेछ  |

**१९. संसोधन, थपघट वा खारेजी :** कार्यालयले आवश्यकता अनुसार यो मापदण्डलाई संसोधन , थपघट वा खारेजी गर्न सक्नेछ |

२०.  यस अघि भए/गरेका कामहरु पनि यसै मापदण्ड बमोजिम भए/गरेको मानिनेछ  |

स्थानीय राजपत्र

## अनुसूची-१
**(दफा ५ को उपदफा १ संग सम्वन्धित )**

### उच्च प्रविधियुक्त नर्सरी (Hi-tech Nursery) स्थापना र संचालनका लागि प्रस्ताव आव्हानको सूचना

**सूचना | सूचना || सूचना |||**

पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष ........................को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उच्च प्राविधियुक्त नर्सरी (Hi-tech Nursery) स्थापना र संचालन गर्न ईच्छुक व्यवसायीबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ | यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ................... दिन भित्र कार्यलयमा तपसिल अनुसारको कागजातहरु कार्यसूचिमा उल्लेख भए अनुसार पेश गर्नुपर्नेछ |

**तपसिल**

( क )आवेदकको संक्षिप्त परिचय,
(ख ) सम्बन्धित व्यवसाय सम्बन्धि विवरण,
(ग )कुल अनुमानित कलमी बेर्ना उत्पादन तथा बजारीकरण,
(घ ) कुल रोजगारी सिर्जना,
(ङ)संचालन हुने क्रियाकलापहरू,
( च )संस्थामा उपलब्ध भौतिक पूर्वाधार तथा मेसिनरी औजारहरूको विवरण,
( छ )व्यावसायिक योजना,
(ज) प्रस्तावकको आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
(झ ) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
(ञ) करचुक्ता र नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ,
(ट ) संरचना निर्माण गरिने जमिनमा सडक,सिंचाई,बिजुली लगायतको आवश्यक पूर्वाधारको विवरण ,
(ठ ) समुह,सहकारीको हकमा समुह /सहकारीको भेलाबाट गरिएको निर्णयको प्रतिलिपी,
(च) नर्सरी स्थापना गर्न आवश्यक पर्ने जग्गाको स्वामित्व वा भोगचलन गर्न पाउने प्रमाणको प्रतिलिपि,
(छ) प्रस्ताव अनुसारको कार्य गर्न कुल लागतको कम्तिमा ५०%रकम स्वलगानी गर्ने प्रतिवद्धता |
नोट :- निरन्तरताको हकमा गत बर्ष भएका सम्पूर्ण कामको विवरण |

| रु.१० को टिकट |
|---|

**अनुसूची-२**

**(दफा ५ को उपदफा २ संग सम्वन्धीत )**

**निवेदन**

श्रीमान्......................ज्यु मिति:............................

..................................................|

**विषय:उच्च प्रविधियुक्त नर्सरी (Hi-tech Nursery) सम्बन्धी प्रस्ताब पेश गरेको सम्बन्धमा |**

**मोहोदय,**

प्रस्तुत विषयमा ............................ उक्त कार्यलयको मिति ...................... को सूचना अनुसार उच्च प्रविधिकयुक्त नर्सरी (Hi-tech Nursery) को निर्माण तथा संचालन गर्न सुचनामा उल्लेख भए वमोजिम तपसील अनुसारका कागजात समावेश गरी जम्मा रकम रु ....................(अक्षेरुपी रु ................................) को प्रस्ताव तयार गरी पेश गरिएको छ |

**सलग्न कागजातहरु**

(क) व्यवसायीको आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(ग) करचुक्ता र नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि,

(घ) सरचना निर्माण गरिने जमिनमा सडक,सिचाई, विजुली लगायतको आवश्यक पूर्वाधारको विवरण ,

(ङ) समुह, सहकारीहरुको हकमा समुह/सहकारीको भेलाबाट गरिएको निर्णयको प्रतिलिपि |

(च) नर्सरी स्थापना गर्न आवश्यक पर्ने जगाको स्वामित्व वा भोगचलन गर्न पाउने प्रमाणको प्रतिलिपि |

(छ) प्रस्ताव अनुसारको कार्य गर्न कुल लागतको कम्तिमा ५०%रकम स्वलगानी गर्ने प्रतिवद्धता आदि |

आवेदकको तर्फबाट

नाम :

पद :

सस्थाको नाम :

संस्थाको छाप :

स्थानीय

## अनुसूची-३

**(दफा ५ को उपदफा २ संग सम्वन्धीत )**

**प्रतिबद्धता पत्रः-**

कार्यालयको मिति २० .../.../...को सूचना अनुसार उच्च प्रविधियुक्त नर्सरी निर्माण गरी उच्च मुल्ययूक्त कृषिजन्य (सुन्तला ) बालीको बेर्ना उत्पादन गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि प्रस्ताव सहितको आवेदन पेश गरेको छु/छौ | उक्त कार्यक्रममा छनौट भएमा प्रस्तावमा उल्लेख भए बमोजिमको नर्सरी तयार भएपछि कम्तिमा ५ (पाँच ) वर्ष सम्म निरन्तरता दिनेछु/छौ |प्रस्ताव अनुसारको कार्य गर्न कुल लागतको कम्तिमा ५०% रकम स्वलगानी गर्न समेत मन्जुर छु/छौ | प्रस्तावमा उल्लेख भए अनुसारको कार्य नगरेमा ,५ (पाँच )वर्ष अगावै सो कार्यहरु बन्द गरेमा, संचालित क्रियाकलापबाट वातावरणलाई नकरात्मक असर पार्ने कार्य गरेमा, सम्झौतामा शर्त बमोजिमका कार्य नगरेमा स्थानीय सरकारबाट प्राप्त रकम प्रचलित कानुन बमोजिम फिर्ता गर्ने प्रतिबद्धता व्युक्त गर्दछु/छौ |

इति सम्बत २०..../..../....गते रोज.....शुभम् |

आवेदकको तर्फबाट

नाम :

पद :

सस्थाको नाम :

ठेगना :

सम्पर्क नं :

ठेगना :

दस्तखत :

मिति :

छाप :

| | |
|---|---|
| दायाँ | बायाँ |

आज्ञाले,

चिरञ्जीवी पौडेल

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र